म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६६/०७०

वर्ष:१७ अङ्क:- १५५ २०८३ वैशाख १५ गते मंगलबार 28 April 2026, Tuesday - पृष्ठ ८ मूल्य रू. ५/-

सूचना, सूचना, सूचना

वर्तमान समयमा हरेक अभिभावकहरूले आफ्ना बालबालिकाहरूमा देखिएको जिद्धिपनलाई परामर्शको माध्यमद्वारा सकारात्मक परिवर्तन गराउँदै खेलकुद, नृत्य तथा डिजिटल माध्यमद्वारा पठनपाठनमा लगनशील बनाउने उद्देश्यका साथ हेटौंडाकै एकमात्र सत्यम जेभियर्स इङ्गिलस बोर्डिङ स्कुलमा प्ले ग्रुपदेखि कक्षा ९ सम्मका लागि नयाँ भर्ना फारम वितरण भइरहेको छ ।

तसर्थ, आफ्ना बालबालिकाहरूको उज्ज्वल भविष्यका लागि समयमै सम्पर्क गरी भर्ना प्रक्रिया पूरा गर्नुहुन सम्पूर्ण अभिभावकहरूमा हार्दिक अनुरोध गरिन्छ ।

सत्यम जेभियर्स इङ्गिलस बोर्डिङ स्कुल
हेटौंडा–४, चिसापानी
०५७–५२५५६३, ९८५५०६६४५२, ९८५५०६६५६३

## चैत्र महिनामा २४ किशोरीहरु आमा बने

समाज संवाददाता

हेटौंडा : हेटौंडा अस्पतालमा फागुन महिनामा २० वर्षमुनिका २४ जना किशोरीहरु आमा बनेका छन् । एक महिनामा अस्पतालमा १ सय ९९ जना महिलाहरुले प्रसुती सेवा प्राप्त गरेकोमा २४ जना २० वर्षमुनिका किशोरीहरु रहेका हुन् ।

हेटौंडा अस्पतालको मातृशिशु शाखाबाट गत साउनदेखि चैत्र मसान्तसम्म ९ महिनाको अवधिमा १ सय ७१ जना २० वर्षभन्दा कम उमेरका किशोरीहरु आमा बनेका छन् । यस अवधिमा हेटौंडा अस्पतालमा २ हजार २ सय ६९ जनाले प्रसुती सेवा लिएकोमा १ सय ७१ जना २० वर्ष मुनिका रहेका छन् । चैत्र महिनामा १ सय ९९ जनामध्ये १ सय ३६ जनाको सामान्य प्रसुती, २ जनाको संवेदनशील तथा ६१ जनाको शल्यक्रियाद्वारा सुत्केरी गराइएको हेटौंडा अस्पताल मातृशिशु शाखाले जनाएको छ । यस अस्पतालमा सुविधा सम्पन्न शल्यक्रिया सेवा तथा अस्पताल नभएका छिमेकी जिल्लाहरुबाट रिफर भई प्रसुती सेवाका लागि आउने गरेका छन् ।

मकवानपुरको मनहरी, भीमफेदी, बागमती, बकैया गाउँपलिकालगायत हेटौंडा उपमहानगरपालिकाका केही वडाहरुबाट समेत गर्भवती

# असारसम्म दुग्ध किसानको ६५ प्रतिशत पैसा तिर्नु : प्रशासन

समाज संवाददाता

हेटौंडा : मकवानपुरका दुग्ध उत्पादक कृषकहरुले दुध बिक्रि गरेबापत पाउनुपर्ने रकम मध्ये असारसम्ममा ६५ प्रतिशत रकम तिर्न प्रशासनले डेरी सञ्चालकहरुलाई निर्देशन दिएको छ । सोमबार जिल्ला प्रशासन कार्यालय मकवानपुरको समन्वयमा दुग्ध उत्पादक सहकारी संघ तथा डेरी उद्योगहरुबीच भएको बैठकमा असार मसान्तसम्म सबै डेरी उद्योगहरुले खरिद गरे बापतको ६५ प्रतिशत रकम तिर्न निर्देशन दिएको हो ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले किसानहरुले आफ्नो पैसा समयमै नपाएको भन्दै पटक-पटक प्रशासनमा गुनासो गरेको भन्दै डेरी उद्योगहरुले किसानलाई तिर्न बाँकी १४ करोड रकम समयसिमा भित्रै तिर्न निर्देशन दिनुभयो । समयसिमा भित्रै रकम नतिर्ने उद्योगहरुलाई कारबाही गरिने उहाँले चेतावनी दिनुभयो । बाँकी ३५ प्रतिशत रकम पनि असोज मसान्तसम्ममा किसानहरुलाई तिर्न उहाँले आग्रह गर्नुभयो । उहाँले किसानको पैसा जसरी पनि सोही समयभित्रै तिर्नुपर्ने बताउँदै डेरी




सोमबार जिल्ला प्रशासन कार्यालय मकवानपुरको समन्वयमा दुग्ध उत्पादक सहकारी संघ तथा डेरी उद्योगहरुबीच भएको बैठकमा सहभागीहरु ।

७० लाख भन्दा बढी रकम तिर्न बाँकी देखिएको छ भने एसके डेरीले ४ करोड ४९ लाख रुपैयाँ किसानलाई तिर्न बाँकी देखिएको छ । बाँकी अन्य डेरीहरुको भने २० लाख भन्दा कम रकम तिर्न बाँकी देखिन्छ । स्यार्से कालिका दुग्ध उद्योग, गायत्री डेरी इन्डष्ट्री, नारायणी मिल्क एण्ड फुड, अनुश्री सप्लायर्स, कविता

निर्यात भएको बताउँदै पछिल्लो मध्यपूर्वको युद्धले सामान निर्यातमा समस्या भइरहेको बताएका छन् भने अन्यले घाटा भएका कारण व्यवसायमा सुस्तता आएकाले तिर्न नसकेको कारण बताएका छन् ।

दूधको रकम विभिन्न दुग्ध उद्योग तथा डेरीहरूले रोकिराख्दा चार महिनादेखि किसान आर्थिक संकटमा परेका छन् । दुध बेचेर दैनिक

किसानमाथि अन्याय भइरहेको बताउनुभएको छ ।

यस्तै जिल्ला सहकारी संघका अध्यक्ष नारायण देवकोटाले किसानहरुको रकम एकै पटक भन्दा पनि असारसम्म तीन किस्तामा तिर्न आग्रह गर्नुभएको छ । बैठकमा सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशी, सशस्त्र प्रहरी उपरीक्षक निवन कुमार खड्का

# निर्माण सामग्रीहरुको मूल्य ४० प्रतिशतसम्म बढ्यो

नानीमाया सापकोटा

हेटौंडा : दुइ महिनाअघिसम्म अधिकांश ओपिसि सिमेन्टको मूल्य प्रतिबोरा ६ सय ५० रुपैयाँमा पाइने गरेकोमा यो हप्ता मूल्य बढेर ८ सय पुगेको छ ।

तीन महिनाको अवधिमा सिमेन्टमा १ सय ५० रुपैयाँ बढेको छ । यस्तै पिपिसी सिमेन्ट पनि ५ सय ५० मा पाइने गरेकोमा मूल्य वृद्धि भई यस हप्ता ६ सय ८० पुगेको छ । मध्यपूर्वको युद्धको कारण पेट्रोलियम पदार्थको मुल्यवृद्धि भएसँगै निर्माण सामग्रीको मूल्यमा पनि वृद्धि भएको हो । हेटौंडा सिमेन्ट उद्योगले सिमेन्ट प्रतिबोरा कम्पनिकै मूल्य ७ सय ८४ रुपैयाँ तोकेको छ । यसअघि उद्योगले ७ सय २१ रुपैयाँ कम्पनीकै मूल्य तोकेको थियो ।

निर्माणका लागि आवश्यक पर्ने सिमेन्टमा मात्रै करिब २५ प्रतिशत मूल्यवृद्धि भएको छ । सिमेन्टसँगै निर्माण कार्यमा प्रयोग हुने गिटी, बालुवाहरुको पनि मूल्यमा वृद्धि भएको छ । हेटौंडामा गिट्टीको स्थानीय मूल्य प्रति ट्र्याक्टर ३ हजार ५ सय रुपैयाँ रहेकोमा गाडीभाडा वृद्धि भएकोले मूल्य पनि बढाएर ४ हजार रुपैयाँ तोकिएको हेटौंडा-७ स्थित जयशंकर बालुवा प्रशोधन उद्योगका सञ्चालक शंकर चौलागाईले जानकारी दिनुभयो । यस्तै सामान्य बालुवा पहिले ६ हजार प्रतिट्र्याक्टर मूल्य कायम भएकोमा अहिले मूल्य वृद्धि गरेर ६ हजार ५ सय रुपैयाँ तोकिएको छ । यसमा ढुवानी गर्नुपर्ने स्थानको दूरी बढ्दै जाँदा मूल्य झनै बढ्दै जान्छ । वर्षौंदेखि स्थिर रहँदै आएको मूल्य पेट्रोलियम पदार्थको मृल्यवृद्धि पछि एक्कासी मूल्य बढाउनु परेको चौलागाइले बताउनुभयो । यस्तै छडको पनि दैनिकजसो मूल्य बढिरहेको छ । दुइ महिनाअघि टिएमटि छडको मूल्य प्रतिकेजी ७५ रुपैयाँ रहेकोमा हाल हाल १ सय २ रुपैयाँ पुगेको छ ।

नेपालमै उत्पादित भएका सिमेन्ट र स्थानीय रुपमै प्रशोधित गिट्टी बालुवामा यसरी मूल्यवृद्धि हुँदा भारतबाट आयात गरिने सामग्रीहरुमा झनै मूल्य बढेको छ । यसैगरी प्लाष्टिक तथा सेरामिकका सामग्रीहरुमा ४० प्रतिशत भन्दा बढी मूल्य बढेको निर्माण सामग्री व्यवसायी संघका अध्यक्ष सुदीप तिमल्सिनाले जानकारी दिनुभयो । पिभिसी तथा युपिभिसी पाइपहरु (१ सय १० एमएम) को मूल्य २ हजार रहेकोमा हाल मूल्यबृद्धि भई ३ हजार ५ सय रुपैयाँ र ७५ एमएमका पाइपहरुको मुल्य १ हजार ३ सयबाट १ हजार ८ सय रुपैयाँसम्म पुगेको उहाँले बताउनुभयो ।

यस्तै निर्माणको अन्तिम चरणमा प्रयोग हुने टाइल, ग्रेनाइट तथा बाथरुममा फिटिङका लागि प्रयोग हुने कम्बोट तथा प्यानको मूल्यमा अत्याधिक वृद्धि भएको छ । प्रति स्क्वायर फिट ५ सय रुपैयाँमा पाइने टाइल अहिले ७ सय रुपैयाँ पुगेको छ । यस्तै ग्रेनाइट प्रतिस्क्वायर फिट १ सय ८० रुपैयाँमा पाइने गरेकोमा अहिले २ सय २५ रुपैयाँ पर्ने गरेको छ । बाथरुममा प्रयोग हुने कम्बोट १२ हजारमा पाइने गरेकोमा १८ हजार मूल्य पुगेको छ । यस्तै प्लाष्टिकबाट निर्मित पानी ट्याङकी यसअघि १० देखि १२ हजारमा बिक्रि गर्ने गरेकोमा अहिले मूल्य बढेर १८ हजार माथि पुगेको तिमल्सिनाले जानकारी दिनुभयो । विशेषगरी प्लाष्टिक तथा सेरामिक्सबाट निर्मित सामग्रीहरुमा ४० प्रतिशत भन्दा बढी मूल्यवृद्धि भएको उहाँको भनाइ छ ।

# कांग्रेस संसदीय दलको नेता आङदेम्बे

सुविधा सम्पन्न शल्यक्रिया सेवा तथा अस्पताल नभएका छिमेकी जिल्लाहरुबाट रिफर भई प्रसुती सेवाका लागि आउने गरेका छन् ।

मकवानपुरको मनहरी, भीमफेदी, बागमती, बकैया गाउँपलिकालगायत हेटौँडा उपमहानगरपालिकाका केही वडाहरुबाट समेत गर्भवती किशोरीहरु प्रसुती सेवा लिन आउने गरेको हेटौँडा अस्पतालको मातृशिशु शाखाका स्वास्थ्यकर्मीले जनाएका छन् । २० वर्ष उमेर नपुगी आमा बन्दा आमा र शिशु दुबैको स्वास्थ्य जोखिममा रहने स्वास्थ्यकर्मीको भनाइ छ । आमाको प्रजनन् अंग विकास भइनसकेकोले प्रसुती सेवामा समेत जोखिम हुनसक्ने, सानो उमेरमा गर्भवती हुँदा शिशु पूर्ण परिपक्व नभई जन्मने सम्भावना रहने र समय नपुगी जन्मेको शिशुलाई विभिन्न संक्रमणको समेत खतरा रहने चिकित्सकहरुले चेतावनी दिँदै आइरहेका छन् ।

## होटल तथा रिसोर्टमा कार्यक्रम नगर्नू

काठमाडौं : भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय मातहतका सबै कार्यालयका कार्यक्रमहरू अब कार्यालय भित्रकै सभा हल तथा बैठक कक्षमा मात्रै गराउन भन्दै परिपत्र जारी गरेको छ ।

मातहतका सबै निकायलाई आज परिपत्र पठाउँदै मन्त्रालयको योजना अनुगमन तथा मूल्याकंन महाशाखाले यस्तो निर्देशन दिएको हो । सरकारी खर्चलाई मितव्ययी र उपलब्धिमूलक बनाउन यस्तो निर्देशन जारी भएको मन्त्रालयले परिपत्रमा उल्लेख गरेको छ ।

महाशाखाका अनुसार अब कुनै पनि कार्यालयले बैठक, गोष्ठी, तालिम, सेमिनार लगायतका कार्यकमहरू होटेल तथा रिसोर्टहरूमा सञ्चालन नगरी आफ्नै कार्यालय परिसर वा सरकारी संरचनाभित्र रहेका सभा कक्ष र तालिम कक्षमा मात्रै गर्नुपर्ने परिपत्रमा उल्लेख छ ।


सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं


रकम समयसिमा भित्रै तिर्न निर्देशन दिनुभयो । समयसिमा भित्रै रकम नतिर्ने उद्योगहरुलाई कारबाही गरिने उहाँले चेतावनी दिनुभयो । बाँकी ३५ प्रतिशत रकम पनि असोज मसान्तसम्ममा किसानहरुलाई तिर्न उहाँले आग्रह गर्नुभयो । उहाँले किसानको पैसा जसरी पनि सोही समयभित्र नै तिर्नुपर्ने बताउँदै डेरी उद्योगीको समस्या भए आफ्ना समस्या समाधानका लागि प्रशासनसँग छुट्टै छलफल गर्न तर किसानको पैसा नरोक्न उद्योगीहरुलाई आग्रह गर्नुभयो ।

जिल्लामा सबैभन्दा धेरै रकम किसानलाई तिर्न बाँकी शुभ डेरी इन्डष्ट्री तथा एसके डेरीले तिर्न बाँकी देखिएको छ । शुभ डेरीले ६ करोड

बाँकी देखिएको छ भने एसके डेरीले ४ करोड ४९ लाख रुपैयाँ किसानलाई तिर्न बाँकी देखिएको छ । बाँकी अन्य डेरीहरुको भने २० लाख भन्दा कम रकम तिर्न बाँकी देखिन्छ । स्यार्से कालिका दुग्ध उद्योग, गायत्री डेरी इन्डष्ट्री, नारायणी मिल्क एण्ड फुड, अनुश्री सप्लायर्स, कविता डेरी एण्ड जुस सेन्टर, कल्पवृक्ष लगायत अन्य तीन डेरी उद्योगहरुले किसानलाइ १४ करोड रुपैयाँ तिर्न बाँकी रहेको दुग्ध सहकारी संघ मकवानपुरले जनाएको छ । यी डेरी उद्योगहरु मध्ये कतिपयको २०७८ सालदेखिको बक्यौता देखिएको छ ।

बैठकमा उद्योगिहरु मध्ये एसके डेरी तथा शुभ डेरीले आफ्नो उद्योगको प्रमुख उत्पादन छुर्पी बिदेश

मध्यपूर्वको युद्धले सामान निर्यातमा समस्या भइरहेको बताएका छन् भने अन्यले घाटा भएका कारण व्यवसायमा सुस्तता आएकाले तिर्न नसकेको कारण बताएका छन् ।

दूधको रकम विभिन्न दुग्ध उद्योग तथा डेरीहरूले रोकिराख्दा चार महिनादेखि किसान आर्थिक संकटमा परेका छन् । दूध बेचेर दैनिक घरखर्च चलाउने, पशुचारा खरिद गर्ने र बैंकको किस्ता तिर्ने किसानहरू रकम नपाउँदा निकै अप्ठ्यारोमा परेका छन् । मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरिप्रसाद कँडेलका अनुसार उद्योगहरूले किसानसँग उधारोमा दूध खरिद गर्ने तर उपभोक्तालाई भने नगदमा बिक्री गर्ने प्रवृत्तिले

बताउनुभएको छ ।

यस्तै जिल्ला सहकारी संघका अध्यक्ष नारायण देवकोटाले किसानहरुको रकम एकै पटक भन्दा पनि असारसम्म तीन किस्तामा तिर्न आग्रह गर्नुभएको छ । बैठकमा सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशी, सशस्त्र प्रहरी उपरीक्षक निवन कुमार खड्का, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक पुष्कर बोगटी, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरिप्रसाद कँडेल, हेटौंडा दुग्ध वितरण आयोजनाका कृष्ण कुमार श्रेष्ठ लगायत जिल्लाका डेरी उद्योग सञ्चालक तथा व्यवस्थापकहरुको उपस्थिति थियो ।

बालुवाहरुको पनि मूल्यमा वृद्धि भएको छ । हेटौँडामा गिट्टीको स्थानीय मूल्य प्रति ट्र्याक्टर ३ हजार ५ सय रुपैयाँ रहेकोमा गाडीभाडा वृद्धि भएकोले मूल्य पनि बढाएर ४ हजार रुपैयाँ तोकिएको हेटौँडा-७

यसैगरी प्लाष्टिक तथा सेरामिकका सामग्रीहरुमा ४० प्रतिशत भन्दा बढी मूल्य बढेको निर्माण सामग्री व्यवसायी संघका अध्यक्ष सुदीप तिमल्सिनाले जानकारी दिनुभयो । पिभिसी तथा युपिभिसी पाइपहरु

मूल्य बढेर १८ हजार माथि पुगेको तिमल्सिनाले जानकारी दिनुभयो । विशेषगरी प्लाष्टिक तथा सेरामिक्सबाट निर्मित सामग्रीहरुमा ४० प्रतिशत भन्दा बढी मूल्यवृद्धि भएको उहाँको भनाइ छ ।

# कांग्रेस संसदीय दलको नेता आङ्देम्बे

समाज संवाददाता

हेटौँडा : नेपाली कांग्रेस प्रतिनिधिसभा संसदीय दलको नेतामा भीष्मराज आङ्देम्बे निर्वाचित भएका छन् । सोमबार बसेको संसदीय दलको बैठकले आङ्देम्बेलाई दलको नेतामा निर्विरोध निर्वाचित गरेको हो ।

संसदीय दलको बैठकमा आङदेम्बे निर्विरोध निर्वाचित भएको कांग्रेसका सहमहामन्त्री प्रकाश रसाइलीले जानकारी दिए । उनी संसदीय दल निर्वाचन समितिको संयोजक पनि हुन् । कांग्रेसको संसदीय दलको नेतामा दुई महिना लामो रस्साकस्सी चलेको थियो । अन्ततः सोमबार बसेको कांग्रेसको कार्यसम्पादन समितिको बैठकले आङ्देम्बेलाई निर्विरोध संसदीय दलको नेता बनाउने सहमति जुटाएको थियो ।

यसअघि संसदीय दलको नेतामा अर्जुननरसिंह केसी र मोहन आचार्यले पनि दाबी गर्दैआएका थिए । सोही कारण सहमति जुट्न सकस भएको थियो । संसदीय दलको नेता चयन भएपछि आङ्देम्बेले सरकारले जनताको मन दुखाउने काम गर्ने कडा रुपमा प्रतिवाद गर्ने चेतावनी दिएका छन् । सरकारले राम्रो काम गरे समर्थन र नराम्रो काम गरे प्रतिवादमा उत्रने उनले चेतावनी दिए ।


नेपाल सरकार

राष्ट्रिय परीक्षा बोर्ड

शाखा कार्यालय हेटौंडा, मकवानपुर

## हार्दिक अपील

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरको परीक्षा तालिका बमोजिम मिति २०८३ बैशाख १४ देखि ऐ. २७ गतेसम्म सञ्चालन हुने कक्षा १२ को वार्षिक परीक्षा सञ्चालन सम्बन्धी पूर्वतयारीका सम्पूर्ण कार्यहरू सम्पन्न भै बोर्डको केन्द्रीय कार्यालयबाट मिति २०८३/०१/११ मा विज्ञप्ति प्रकाशन भैसकेको व्यहोरा अनुरोध छ । यस शाखा कार्यालय हेटौंडा अन्तर्गत रहेका पाँच जिल्लाका (मकवानपुर, चितवन, बारा, पर्सा र रौतहट) कूल १२४ तोकिएका परीक्षा केन्द्रबाट नियमिततर्फ ३१,७८४ र आंशिकतर्फ ९,०२० गरी ४०,८०४ परीक्षार्थीहरू परीक्षामा सहभागी हुँदै हुनुहुन्छ ।

कक्षा १२ को वार्षिक परीक्षा माध्यमिक तहको अन्त्यमा सञ्चालन हुने र अन्तर्राष्ट्रिय मान्यतामा समेत स्तर कायम गर्नुपर्ने हुँदा यस परीक्षाको व्यवस्थापन र सञ्चालनमा स्वच्छता, मर्यादा र अनुशासन कायम हुनुपर्ने विषयमा कुनै दुईमत छैन । विशेषगरी परीक्षाको प्रश्नपत्र लगायत अन्य कार्यमा विद्युत आपुर्ति र इन्टरनेट सेवाको प्रभावकारी व्यवस्थापन र बैकल्पिक स्रोतको व्यवस्था आवश्यक पर्दछ । परीक्षा केन्द्रमा केन्द्राध्यक्ष बाहेक खटिने जनशक्ति र परीक्षार्थीले मोबाइल फोन, स्मार्ट घडी र इलेक्ट्रिकल सामग्री लैजान प्रतिवन्ध गरिएको छ यदि त्यस्ता प्रकारका सामग्री फेला परेमा जफत गरी नष्ट हुने समेत जानकारी गराइन्छ ।

परीक्षाको गोप्य सामग्रीको व्यवस्थापनमा गोपनियता, मर्यादा, संवेदनशीलता र विश्वसनीयता कायम गर्न गराउन सम्बन्धित केन्द्राध्यक्षसहित पदाधिकारीमा परीक्षा समन्वय समितिले निर्देशन गरिसकेको छ र यसका लागि सुरक्षा निकायबाट यथोचित सुरक्षाको वातावरण समेत मिलाई सकिएको छ । परीक्षालाई मर्यादित बनाई भयरहित तरिकाले परीक्षार्थीले परीक्षा दिने वातावरण मिलाउन सम्बन्धित सरोकारवाला अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षाप्रेमी, स्थानीय सरकार, नागरिक समाज, राजनीतिक दल, सञ्चार जगत सहित सबैमा हार्दिक अपील गर्दछौं ।

*मिति २०८३ बैशाख १४*




## सम्पादकीय

# सामुदायिक विद्यालयप्रति विश्वास बढ्दै

कुनै बेला मुलुकको विद्यालय शिक्षा धानेको सामुदायिक अर्थात् सरकारी विद्यालयप्रति फेरि आकर्षण देखिन थालेको छ । निजी लगानीमा खुलेका संस्थागत विद्यालयहरुको बढ्दो प्रभावका कारण उपेक्षित बनेको सामुदायिक विद्यालयप्रति क्रमशः विश्वास बढ्दै गएको हो । सरकारी बेवास्ता र राजनीतिक स्वार्थका कारण आक्रान्त बनेको सामुदायिक विद्यालयहरु समुदाय र विद्यालयका प्रयत्नका कारण विश्वासिलो बन्दै गएको देखिन्छ । सामुदायिक विद्यालयप्रति कतिपय स्थानीय सरकारसमेतको चासो र सक्रियता वृद्धि हुँदै गर्दा विद्यालयहरुमा भौतिक विकास एवम् शैक्षिक सुधार भइरहेको छ । संस्थागत विद्यालय छाडेर विद्यार्थी सामुदायिक विद्यालयमा आउन थालेका र सचेत अभिभावकहरुले पनि आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा भर्ना गर्न थालेपछि विद्यालयको नतिजामा समेत सुधार हुन पुगेको छ ।

आइतबार हेटौंडाका दुईवटा सामुदायिक विद्यालयमा पढ्न प्रवेश परीक्षा दिनेको भिडले सामुदायिक विद्यालयप्रति विश्वास र आकर्षण बढ्दै गएको प्रष्ट हुन्छ । हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय मावि र हेटौंडा-५ स्थित बालज्योति माविले नयाँ विद्यार्थी भर्ना गर्न लिएको प्रवेश परीक्षामा विद्यार्थी व्यापक भिड देखिएको थियो । आधुनिकमा एक हजार एक सय जनाले प्रवेश परीक्षा दिएका थिए । विद्यालयको कक्षाकोठा तथा शिक्षकको क्षमताअनुसार ३ सय ५६ जना नयाँ विद्यार्थी भर्ना लिइने विद्यालयले जनाएको छ । हेटौंडाका भुटनदेवी, सिद्धार्थ, प्रगति, श्रमिक, जनप्रिय, वंशगोपाललगायत अन्य सामुदायिक विद्यालयहरुमा पनि विद्यार्थीको आकर्षण देखिने गरेको छ । यहाँका केही सामुदायिक विद्यालयमा पढ्न चाहने विद्यार्थी संख्या धेरै भए पनि विद्यालयले सीमित विद्यार्थीमात्र भर्ना गर्दै आएका छन् ।

पछिल्ला वर्षहरुमा बारा, पर्सा, रौतहट, सर्लाहीलगायत तराईका जिल्लाहरुबाट हेटौंडा पढ्न आउने विद्यार्थी संख्यामा निकै वृद्धि भइरहेको छ । तराईका जिल्लाहरुको तुलनामा हेटौंडामा राम्रो शिक्षा पाउने गरेको भन्दै अभिभावक तथा विद्यार्थी आकर्षित भइरहेका हुन् । हेटौंडाका अधिकांश सामुदायिक विद्यालयले पनि संस्थागत विद्यालयले जस्तै अंग्रेजी माध्यममा पढाउन थालेपछि संस्थागत विद्यालय छाडेर आउने विद्यार्थीको संख्यासमेत बढ्दै गएको छ । संस्थागत विद्यालयले लिने शुल्कको तुलनामा सामुदायिक विद्यालयहरुले अभिभावकसँग न्यून आर्थिक सहयोग लिएर अंग्रेजी माध्यममा पढाउने गरेका कारण कमजोर आर्थिक अवस्था भएका अभिभावकको आकर्षण सामुदायिक विद्यालय बनेको हो । सामुदायिक विद्यालयहरुले विद्यार्थीको सिकाइ सहजीकरणमा सुधार गर्दै उत्कृष्ट नतिजा दिन थालेपछि सामुदायिक विद्यालय रोजाइमा पर्न थालेको पाइन्छ ।

कुनैबेला आर्थिकरुपले सम्पन्न अभिभावकले आफ्ना छोराछोरी संस्थागत विद्यालयमा पढाउँथे भने मध्यम तथा न्यून आय भएकाहरुले आफ्ना सन्तानलाई सामुदायिक विद्यालयमै पढाउनपर्ने बाध्यता थियो । तर, निजी

*विद्यार्थी संगठन खारेज कि पुनर्संरचना ?*

# शिक्षा क्षेत्रलाई पार्टीगत कब्जाबाट मुक्त गर्ने समय

आजको आवश्यकता “दलको विद्यार्थी संगठन” होइन, “विद्यार्थीको संगठन” हो । त्यसैले राज्यले शैक्षिक संस्थाभित्र दलगत हस्तक्षेप रोक्ने स्पष्ट कानुन ल्याउनुपर्छ, निर्वाचनमार्फत स्वतन्त्र विद्यार्थी प्रतिनिधि प्रणाली लागू गर्नुपर्छ ।

नेपालमा विद्यार्थी संगठनको विषय आज फेरि एकपटक राष्ट्रिय बहसको केन्द्रमा आएको छ । शैक्षिक संस्थाभित्र राजनीतिक दलमा आवद्ध विद्यार्थी संगठनहरूको भूमिका, प्रभाव, औचित्य र भविष्यबारे गम्भीर प्रश्नहरू उठिरहेका छन् । विद्यालय, क्याम्पस तथा विश्वविद्यालय परिसर–लाई दलगत राजनीतिक प्रभावबाट मुक्त गर्नुपर्ने धारणा सार्वजनिक भईरहेको छ भने समाजमा समर्थन र विरोध दुवै प्रकारका प्रतिक्रिया देखिएको छ । वास्तवमा यो विषय भावनाले होइन, तथ्य, इतिहास, मनोविज्ञान, समाजशास्त्र, शिक्षा विज्ञान र लोकतान्त्रिक सिद्धान्तको आधारमा हेरिनुपर्छ । कुनैपनि राष्ट्रको शैक्षिक संस्था केवल पढाइ हुने भवन मात्र होइन, त्यो भावी नागरिक निर्माण हुने प्रयोगशाला हो ।



दशरथ जंग कुँवर (टार्जन)

त्यहाँ विद्यार्थीको ज्ञान, चरित्र, अनुशासन, वैज्ञानिक सोच, सामाजिक चेतना, नेतृत्व क्षमता, आलोचनात्मक विवेक र नागरिक जिम्मेवारीको विकास हुन्छ । यदि यस्तो स्थान दलगत स्वार्थ, शक्ति प्रदर्शन, गुटबन्दी, भिडन्त र बाह्य हस्तक्षेपको अखडा बन्न पुग्छ भने त्यसले विद्यार्थी मात्र होइन, सम्पूर्ण राष्ट्रको भविष्यलाई कमजोर बनाउँदछ। त्यसैले प्रश्न विद्यार्थी संगठन चाहिन्छ कि चाहिँदैन भन्ने होइन, कस्तो प्रकारको विद्यार्थी संगठन चाहिन्छ भन्ने हो । इतिहासतर्फ हेर्दा नेपाल लगायत विश्वका धेरै मुलुकमा विद्यार्थी आन्दोलनले सकारात्मक परिवर्तनमा महत्वपूर्ण योगदान दिएको पाइन्छ ।

निरंकुश शासनविरुद्ध आवाज उठाउने, प्रजातन्त्रको पक्षमा जनमत निर्माण गर्ने, सामाजिक विभेद विरुद्ध संघर्ष गर्ने, भ्रष्टाचारको विरोध गर्ने तथा राष्ट्रिय संकटमा जनशक्ति परिचालन गर्ने कार्यमा विद्यार्थी समुदाय अग्रभागमा देखिएको इतिहास छ । नेपालमा पनि विभिन्न राजनीतिक परिवर्तनका आन्दोलनहरूमा विद्यार्थीहरूको भूमिका उल्लेखनीय रहयो । यस अर्थमा विद्यार्थी राजनीति स्वतः नकारात्मक विषय होइन ।

युवा उमेरमा सामाजिक चेतना, नेतृत्व क्षमता र राजनीतिक समझ विकास हुनु लोकतान्त्रिक समाजका लागि उपयोगी कुरा हो । तर, समस्या तब सुरु हुन्छ जब विद्यार्थी संगठन स्वतन्त्र विद्यार्थी प्रतिनिधि संस्थाबाट बदलिँदै दलका भात संगठन बन्छन् । जब संगठनको

शिक्षा मनोविज्ञानका अनुसार विद्यार्थीको उच्च प्रदर्शनका लागि स्थिरता, सुरक्षाको अनुभूति, सकारात्मक प्रतिस्पर्धा, समय व्यवस्थापन, मानसिक शान्ति र प्रेरणादायी वातावरण आवश्यक हुन्छ । बारम्बार हड्ताल, तालाबन्दी, नाराबाजी, झडप, शक्ति प्रदर्शन, जबरजस्ती बन्द, शिक्षकहरुमा हातपात, परीक्षा अवरोधले विद्यार्थीको ध्यान पढाइमा केन्द्रित हुनै सक्दैन । यसले सिकाइ उपलब्धि घटाउँछ, तनाव बढाउँछ, शैक्षिक समय नष्ट गर्छ र योग्य जनशक्ति उत्पादनमा प्रत्यक्ष असर पार्दछ । कुनै क्याम्पसमा धेरै दलका छुट्टाछुट्टै विद्यार्थी संगठन सक्रिय हुन्छन्, त्यहाँ विद्यार्थी समुदाय साझा शैक्षिक पहिचान भन्दा दलगत पहिचानमा विभाजित हुन थाल्छ ।

“म विद्यार्थी हुँ” भन्ने साझा चेतनाको ठाउँमा “म फलानो संगठनको” भन्ने मनोवृत्ति बढ्न जान्छ । यसले सहकार्य कमजोर बनाउँछ, संवादको ठाउँमा टकराव बढाउँछ र विद्यार्थी हितका साझा मुद्दा ओझेलमा पर्दछ । शुल्क अत्यधिक भयो, पुस्तकालय छैन, प्रयोगशाला कमजोर छ, शिक्षक अभाव छ, छात्रवृत्ति अपारदर्शी छ, नतिजा ढिलो आयो, करियर परामर्श छैन, मानसिक स्वास्थ्य सेवा छैन, यी वास्तविक समस्याभन्दा बाहिरी राजनीतिक घटनामा आन्दोलन गर्ने प्रवृत्ति बढ्दो छ ।

राजनीतिक विज्ञानका दृष्टिले विद्यार्थीलाई राजनीतिबाट पूर्णतः अलग राख्नु पनि उचित होइन, किनकि लोकतन्त्रमा नागरिक सचेतना आवश्यक हुन्छ । राजनीति भनेको केवल पार्टी सदस्यता होइन, नीति, शासन, अधिकार, जिम्मेवारी, सार्वजनिक निर्णय प्रक्रिया र राज्य संरचनाको ज्ञान पनि राजनीति हो। विद्यार्थीले संविधान, निर्वाचन, मानवअधिकार, सार्वजनिक उत्तरदायित्व, भ्रष्टाचार नियन्त्रण, स्थानीय शासन, वातावरण नीति, आर्थिक नीति बारे बुझेको हुनुपर्छ नाकी कुनै दलगत स्वार्थमा लिप्त, विद्यार्थीले स्वतन्त्र सोच विकास गर्नुपर्छ, त्यसैले शैक्षिक संस्थाले विद्यार्थीलाई नागरिक चेतना दिनपर्छ,

अपेक्षित भूमिका खेलेका छैनन् भन्ने अनुभूति भएको छ । यदि संगठन विद्यार्थी शुल्क घटाउन, छात्रावास सुधार्न, कक्षा नियमित बनाउन, अनुसन्धान सुविधा बढाउन, पुस्तकालय आधुनिकीकरण गर्न, डिजिटल पहुँच विस्तार गर्न, रोजगारपरक शिक्षा माग गर्न, लैंगिक हिंसा रोक्न र प्रशासनिक पारदर्शिता कायम गर्न भन्दा पार्टीको सभा भर्न, पोस्टर टाँस्न, जुलुस निकाल्न, शक्ति देखाउन वा बाहिरी नेताको स्वागत गर्न बढी सक्रिय देखिएको कारण प्रश्रुन उठ्नु स्वभाविक नै हो ।

कुनै संस्थाको अस्तित्व त्यसले आफ्नो मूल उद्देश्य पूरा गरेसम्म मात्र औचित्यपूर्ण हुन्छ । जब संस्था आफ्नो उद्देश्यबाट विचलित हुन्छ, तब पुनर्संरचना, सुधार वा प्रतिस्थापन आवश्यक हुन्छ । त्यसैले विद्यार्थी संगठनमाथि उठेको प्रश्न संगठन विरोधी नभई कार्यसम्पादन र संरचना सम्बन्धी प्रश्न हो । समाधान के त ? सबै संगठन एकैचोटि प्रतिबन्ध लगाउने निर्णय भावनात्मक रूपमा आकर्षक देखिए पनि दीर्घकालीन लोकतान्त्रिक समाधान नहुन सक्छ । किनकि विद्यार्थीलाई प्रतिनिधित्व गर्ने औपचारिक संरचना नभए प्रशासन निरंकुश बन्न सक्छ, विद्यार्थी गुनासो सुन्ने संयन्त्र कमजोर हुन सक्छ र असन्तुष्टि भूमिगत वा विस्फोटक रूपमा बाहिरिन सक्छ ।

त्यसैले सर्वोत्तम विकल्प पूर्ण खारेजी होइन, स्वतन्त्र पुनर्संरचना हो । प्रत्येक विद्यालय, क्याम्पस वा विश्वविद्यालयमा दलनिरपेक्ष, कानूनी मान्यता प्राप्त, प्रत्यक्ष निर्वाचनबाट चयन हुने एकीकृत विद्यार्थी परिषद् गठन गर्न सकिन्छ । उक्त परिषद्रुमा सबै विद्यार्थी उम्मेदवार बन्न सकून् तर कुनै दलको झण्डा, चुनाव चिह्न, आर्थिक सहयोग वा बाह्य निर्देशन मान्य नहोस् । उम्मेदवारले शैक्षिक एजेण्डा, सेवा योजना, पारदर्शिता प्रतिवद्धता र नेतृत्व क्षमताको आधारमा प्रतिस्पर्धा गरून् । परिषद्को अधिकार क्षेत्रमा शुल्क सम्बन्धी परामर्श, सुविधा निगरानी, लैंगिक सुरक्षा समिति, मानसिक स्वास्थ्य सहायता, खेलकुद तथा सांस्कृतिक कार्यक्रम, अनुसन्धान प्रोत्साहन, गुनासो व्यवस्थापन र प्रशासनसँग नियमित संवाद राख्न सकिन्छ ।

यसले संगठन पनि रहन्छ, तर दलगत नियन्त्रण हट्छ । अर्को महत्त्वपूर्ण पक्ष नेतृत्व विकास हो । आजको विद्यार्थी भोलिको प्रशासक, सांसद, वैज्ञानिक, न्यायाधीश, शिक्षक, उद्यमी वा सामाजिक अभियन्ता पनि हो । यदि उसले युवा अवस्था मै लोकतान्त्रिक अभ्यास सिक्न

अल्पमतको सम्मान, महिलाको सहभागिता, समावेशिता र उत्तरदायित्वमा आधारित हुनुपर्छ । यदि नेतृत्व प्रशिक्षणको नाममा धम्की, गुण्डागर्दी, नारा, गाली र अन्धभक्ति जस्ता अराजक कार्य गरियो भने राष्ट्रले गुणस्तरीय, राष्ट्रप्रेमी नेतृत्व गुमाउन सक्छ । यसर्थ विद्यार्थी संगठनलाई समाप्त होइन, सभ्य र आधुनिक बनाउनुपर्छ ।

नेपालमा शिक्षा क्षेत्र अहिले पनि बेरोजगारी, पाठ्यक्रम पुरानोपन, अनुसन्धानको कमी, निजीकरण, महँगो शुल्क, डिजिटल असमानता, राजनीतिक हस्तक्षेप र गुणस्तर संकटसँग जुधिरहेको छ । यस्तो बेला विद्यार्थी संगठनहरू यदि साँच्चै उपयोगी बन्न चाहन्छन् भने उनीहरूले आफ्नो ऊर्जा पार्टीका नेताको स्वागतमा होइन, विश्वविद्यालय सुधारमा लगाउनुपर्छ, बन्द हड्तालमा होइन, नीति संवादमा लगाउनुपर्छ, पोस्टरमा होइन, पुस्तकालयमा लगाउनुपर्छ, गुटबन्दीमा होइन, नवप्रवर्तनमा लगाउनुपर्छ । आजको आवश्यकता “दलको विद्यार्थी संगठन” होइन, “विद्यार्थीको संगठन” हो ।

त्यसैले राज्यले शैक्षिक संस्थाभित्र दलगत हस्तक्षेप रोक्ने स्पष्ट कानुन ल्याउनुपर्छ, निर्वाचनमार्फत स्वतन्त्र विद्यार्थी प्रतिनिधि प्रणाली लागू गर्नुपर्छ, हिंसा र जबरजस्ती माथि शून्य सहनशीलता अपनाउनुपर्छ र विद्यार्थी कल्याण नीतिलाई संस्थागत गर्नुपर्छ। राजनीतिक दलहरूले पनि विद्यार्थीलाई प्रयोग गर्ने संस्कार त्यागनुपर्छ । अभिभावकले सन्तानलाई विवेकशील, व्यवहारिक बनाउनुपर्छ । विद्यार्थी स्वयंले आफ्नो अमुल्य समयको मूल्य बुझ्नुपर्छ, किनकि विश्वविद्यालयमा बिताएको समय भविष्यको सबैभन्दा मूल्यवान पूँजी पनि हो ।

त्यसैले नेपालमा विद्यार्थी संगठनको बहस “खारेज कि कायम” भन्ने सरल द्वन्द्वमा सीमित नभै सही बहस “पार्टीको नियन्त्रणमा रहने कि स्वतन्त्र हुने”, “अराजक हुने कि जिम्मेवार हुने”, “नारामुखी हुने कि नीतिमुखी हुने”, “शक्ति प्रदर्शन गर्ने कि सेवा गर्ने” भन्ने हो । शिक्षा क्षेत्रलाई दलगत प्रदूषणबाट मुक्त गरी स्वतन्त्र, निष्पक्ष, लोकतान्त्रिक र विद्यार्थी केन्द्रित प्रतिनिधि प्रणाली निर्माण गर्न सकियो भने त्यो विद्यार्थी-अभिभावक, संस्था र राष्ट्र सबैका लागि हितकर हुनेछ । विद्यार्थीहरुलाई राजनीति बुझ्ने बनाऔं, तर पार्टीको मोहरा होइन, नेतृत्वशील बनाऔं, तर हिंस्रक होइन, सचेत बनाऔं, तर अन्धभक्त, झोले होइन । यही मार्गले मात्र नेपालले सक्षम, सभ्य र वैज्ञानिक सोच भएको पस्ता निर्माण गर्न सकिन्छ,

विद्यालयहरुले अभिभावकसँग न्यून आर्थिक सहयोग लिएर अंग्रेजी माध्यममा पढाउने गरेका कारण कमजोर आर्थिक अवस्था भएका अभिभावकको आकर्षण सामुदायिक विद्यालय बनेको हो । सामुदायिक विद्यालयहरुले विद्यार्थीको सिकाइ सहजीकरणमा सुधार गर्दै उत्कृष्ट नतिजा दिन थालेपछि सामुदायिक विद्यालय रोजाइमा पर्न थालेको पाइन्छ ।

कुनैबेला आर्थिकरुपले सम्पन्न अभिभावकले आफ्ना छोराछोरी संस्थागत विद्यालयमा पढाउँथे भने मध्यम तथा न्यून आय भएकाहरुले आफ्ना सन्तानलाई सामुदायिक विद्यालयमै पढाउनुपर्ने बाध्यता थियो । तर, निजी विद्यालयहरुको संख्या र प्रभाव अनि अंग्रेजी माध्यमको मोहसँगै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कमजोर बन्दै गएका कारण मध्यम वर्गका अभिभावक पनि संस्थागत विद्यालयप्रति आकर्षिक हुन पुगेका थिए । केही सामुदायिक विद्यालयको व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक र स्थानीय अभिभावकसमेतको विशेष चासो र सक्रियताले अंग्रेजी माध्यमसहित विद्यालयमा सुधार गर्दै गएपछि क्रमशः सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि भइरहेकाले आकर्षण र विश्वास बढ्दै गएको हो । भौतिक पूर्वाधारसँगै प्रविधियुक्त प्रभावकारी शिक्षणमा सामुदायिक विद्यालयहरु अग्रसर बन्दै जाँदा राज्यले शिक्षा क्षेत्रमा लगानीसमेत वृद्धि गर्नुपर्ने अपरिहार्यता देखिन्छ ।

परिवर्तनका आन्दोलनहरूमा विद्यार्थीहरूको भूमिका उल्लेखनीय रहयो । यस अर्थमा विद्यार्थी राजनीति स्वतः नकारात्मक विषय होइन ।

युवा उमेरमा सामाजिक चेतना, नेतृत्व क्षमता र राजनीतिक समझ विकास हुनु लोकतान्त्रिक समाजका लागि उपयोगी कुरा हो । तर, समस्या तब सुरु हुन्छ जब विद्यार्थी संगठन स्वतन्त्र विद्यार्थी प्रतिनिधि संस्थाबाट बदलिँदै दलका भातृ संगठन बन्छन् । जब संगठनको प्राथमिक निष्ठा विद्यार्थी नभई बाहिरी राजनीतिक दलप्रति हुन्छ, तब संगठनको उद्देश्य शैक्षिक हितबाट हटेर दलगत स्वार्थतर्फ मोडिन्छ। यहीबाट शैक्षिक वातावरण बिग्रिन थाल्दछ ।

सदस्यता होइन, नीति, शासन, अधिकार, जिम्मेवारी, सार्वजनिक निर्णय प्रक्रिया र राज्य संरचनाको ज्ञान पनि राजनीति हो। विद्यार्थीले संविधान, निर्वाचन, मानवअधिकार, सार्वजनिक उत्तरदायित्व, भ्रष्टाचार नियन्त्रण, स्थानीय शासन, वातावरण नीति, आर्थिक नीति बारे बुझेको हुनुपर्छ नाकी कुनै दलगत स्वार्थमा लिप्त, विद्यार्थीले स्वतन्त्र सोच विकास गर्नुपर्छ, त्यसैले शैक्षिक संस्थाले विद्यार्थीलाई नागरिक चेतना दिनुपर्छ, तर दलगत कब्जाको मैदान बन्नु हुँदैन । अहिले धेरै अभिभावक, शिक्षक र स्वतन्त्र विद्यार्थीमा देखिएको असन्तुष्टि यही कारणले हो कि कतिपय विद्यार्थी संगठनले वास्तविक विद्यार्थी समस्यामा

खेलकुद तथा सांस्कृतिक कार्यक्रम, अनुसन्धान प्रोत्साहन, गुनासो व्यवस्थापन र प्रशासनसँग नियमित संवाद राख्न सकिन्छ ।

यसले संगठन पनि रहन्छ, तर दलगत नियन्त्रण हट्छ । अर्को महत्त्वपूर्ण पक्ष नेतृत्व विकास हो । आजको विद्यार्थी भोलिको प्रशासक, सांसद, वैज्ञानिक, न्यायाधीश, शिक्षक, उद्यमी वा सामाजिक अभियन्ता पनि हो । यदि उसले युवा अवस्था मै लोकतान्त्रिक अभ्यास सिक्न पायो भने समाज, राष्ट्रको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । विद्यार्थी संगठनको बहस, नीति निर्माण, तथ्यमा आधारित तर्क, सहमति निर्माण, बजेट पारदर्शिता, निर्वाचन मर्यादा,

दलगत प्रदूषणबाट मुक्त गरी स्वतन्त्र, निष्पक्ष, लोकतान्त्रिक र विद्यार्थी केन्द्रित प्रतिनिधि प्रणाली निर्माण गर्न सकियो भने त्यो विद्यार्थी-अभिभावक, संस्था र राष्ट्र सबैका लागि हितकर हुनेछ । विद्यार्थीहरुलाई राजनीति बुझ्ने बनाऔं, तर पार्टीको मोहरा होइन, नेतृत्वशील बनाऔं, तर हिंस्रक होइन, सचेत बनाऔं, तर अन्धभक्त, झोले होइन । यही मार्गले मात्र नेपालले सक्षम, सभ्य र वैज्ञानिक सोच भएको पुस्ता निर्माण गर्न सकिन्छ, जब शिक्षा क्षेत्र पार्टी कब्जाबाट मुक्त हुन्छ, तब मात्र राष्ट्रले सक्षम पुस्ता पाउँछ र सक्षम पुस्ता नै समृद्ध नेपालको वास्तविक आधार र मिरुदण्ड हो । जय स्वतन्त्र विद्यार्थी संगठन । जय नेपाल ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |



## तपाईंको राशिफल

पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : कर्मयोगी प्रवृत्तिको बनाउन मद्धत मिल्नेछ ।
**वृष** : सामाजिक एवम् धार्मिक कृत्यमा सरिक भइने छ ।
**मिथुन** : आर्थिक दृष्टिले ठिकै समय रहेको छ ।
**कर्कट** : भेटघाट र यात्रा योगमा सरिक भइने छ ।
**सिंह** : प्रेममा माया बढ्ने समय योग रहेको छ ।
**कन्या** : शरीर स्वस्थता र काममा उत्सुकता बढ्ने योग छ ।
**तुला** : काममा द्विविधा बढने समय योग देखिन्छ ।
**वृश्चिक** : नसोचेको ठाउँबाट लाभ प्राप्त हुने योग छ ।
**धनु** : समय र बाध्यतामा खुम्चनु पर्ने योग छ ।
**मकर** : नयाँ विषयवस्तुले आकर्षित बनाउने छ ।
**कुम्भ** : पुरुषार्थी कामले स्थापित बनिने योग छ ।
**मीन** : बोलीमा बिचार पुऱ्याउँदा राम्रो रहने समय छ ।

# संघर्ष, सुरक्षा र समर्पण



युवराज विमली

जय मशिह! मेरो नाम युवराज विमली हो । मेरो जन्म वि.सं. २०५६ फुलवारी ताप्लेजुङ हिन्दू ब्राह्मण निम्न वर्गीय परिवारमा भएको हो । खीष्टलाई पाउन अघि म हिन्दू ब्राह्मण रीतिथिती र धार्मिक क्रियाकलापमै हुर्किएँ । निम्न वर्गीय मेरो परिवार विभिन्न ठाउँमा बसाईसराई गर्ने गरेकाले २०६३ माघमा मकवानपुर थाहा-९ चित्लाङमा बसाइ सऱ्यौं। भौगोलिक तथा वातावरणीय असन्तुलनका कारण स्वास्थ्यमा समस्या आयो । मेलापता गर्ने क्रममा बुद्धलक्ष्मी गमालले, 'चर्च गएपछि निको हुन्छ...' भन्दै मण्डली र खीष्टको विषयमा बताउनुभयो । सुसमाचार सुनेपश्चात आमाले मलाई इन्द्रसरोवर १ मार्खुमा रहेको "क्वाइनोनिया मार्खु खीस्टियन मण्डलीमा" लिएर जानुभयो । उक्त मण्डलीका पास्टर कालीचरण र ानाले मण्डलीमा स्वागत गर्नुभयो । आराधना सभामा सुसमाचारको वचन प्रचार भइरहेको थियो । मण्डलीको सेवापछि केही सोधपुछ गरी बाइबलबाट उत्साह दिएर प्रार्थना गरिदिनुभयो । पहिलो चोटि मण्डलीमा जाँदा मण्डली संगित सेवाले मलाई आकर्षण गर्यो । अझ सर्ट, प्यान्ट, कोड लगाएर हातमा कालो मोटो किताब बोकेर पुलपिटबाट वक्ताले उपस्थित भएका मानिसहरूको सामु मच्ची मच्चीकन उत्साह र प्रेरणाको सुसमाचारको वचन प्रचार गरेका ती शब्दहरूले मनमोहित बनाएको थियो । घरसल्लाह नगरिकन आमा र म मण्डली जान थाल्यौं । तत्पश्चात परिवारमा खटपट भयो । केही महिनापछि बुवालाई सुसमाचार सुनाइयो पुरातनवादी सोच भएकाले येशू खीष्टमा विश्वास गर्न सहज भएन । केहि समयमा माइलो भाइ अर्जुन विमलीको स्वास्थ्यमा समस्या भयो । आर्थिक भौतिक लगायत बौद्धिक क्षमताले भ्याएसम्म उपचार गरियो । अन्त्यमा येशू खीष्टमा विश्वास गरी मण्डली जानु बाहेक अरू केही विकल्प रहेन । यसपछि सपरिवार मण्डली जान थाल्यौं । खीस्टियन भएकै कारण हिन्दु ब्राह्मणको घरबाट बसाई सर्नुपर्ने भयो ।

वि.सं.२०६४ असोजमा थाहा नगरपालिका-५ स्थित फुर्के बसन्तमा विश्वासीकै घरमा बसोबास गरियो । तर विश्वासीकै जीवन व्यर्थ र फटाई देखेर त्यहाँबाट बसाइँ सरेर त्यही वर्ष थाहा-६ ढोक्चामा बसोबास गऱ्यौं । केही महिनापछि विश्वासबाट अलग भई पुरानै जीवनशैलीमा फर्कियौं । त्यहाँ अर्जुन भाई निकै बिरामी भए । गर्न सकिने उपचारका सबै प्रयास गर्दा पनि मर्ने अवस्था हुँदा अन्तिम ईच्छा सोधियो, 'मलाई चर्च लग्दिनु' भनेपछि फेरी चर्च गयौं ।

त्यस ठाउँको ओइलानी जग्गामा स्थायी बसोबास गर्न पाउँ भनी वडा कार्यालयमा निवेदन दिँदा त्यहाँका जग्गाधनीले बुवालाई कुटेर मर्नु न बाँच्नु बनाइ झिटी भ्याम्टा अन्नपात सबै सडकमा फस्रल्ल बनाइदिए । सम्पूर्ण परिवार हेटौंडामा गई बुवाको उपचार गर्न केही समय रहेपछि वि.सं.२०६६ मा थाहा-८ स्थित भोर्लेमा जग्गा अध्याँमा कमाएर १ वर्ष जति बस्यौं । यस वेलामा बुवाको शारीरिक र मानसिक स्वास्थ्य निकै जटिल थियो । जीवनले हरेस खाएको र छिमेकीसँगको झगडाको कारण फेरी 'लिलाममा रहेको जग्गा कमाएर बस्नू कसैलाई केही दिनु पर्दैन, बसेरीमा चर्च छ त्यहाँ जाँदा हुन्छ' भनी सरन राना मगर ले बुवालाई भन्नुभयो । बसेरीकै विश्वासीहरूले पनि चर्च आउन निमन्त्रणा दिनुभयो । मलाई धर्मकर्म गरेर केही हुने होइन यो व्यवसाय हो भन्ने विचार आएको थियो । ब्राह्मणको छोरो भएपनि म धर्म कर्मप्रति विश्वास गर्दिन थिएँ ।

वि.सं.२०६६ को अन्त्यतिर बसेरीमा आएपछि जीवनको गोरेटो भन्ने पुस्तिका पढेकाले पाप, उद्धार, अनन्त जीवन जस्ता आधारभूत कुराको जानकारी भयो । चर्च जानु भजन गाँउनु मेरो लागि रमाइलो मात्र थियो । कुनै पनि विषयमा कसैसँग तर्क/बहस गरी खिल्ली उडाउनु मलाई मज्जा लाग्थ्यो । गाउँमै रहेको बेथलेहेम बप्तिष्ट मण्डलीमा लगभग १६ घर जति विश्वासीहरू थिए । यसै मण्डलीमा म घरेलु संगति, प्रार्थना सभा, सुसमाचारीय सेवकाईमा सहभागी हुन्थें । रेडियो कार्यक्रम आशाको सन्देश सुन्ने गर्थें र म पनि एकदिन रेडियोमा बोल्ने व्यक्ति हुन्छु भन्ने लाग्थ्यो । प्राथमिक तह छापमा रहेको विद्यालयबाट उत्तीर्ण गरें । माध्यमिक तह अध्ययनको लागि थाक्रे गाउँपालिका ४ स्थित रातोमाटेमा रहेको लिति महांकाल माविमा जान्थें । नियमित घर बाट विद्यालय जान र आउन सहज थिएन ।

वि.स.२०६९/७० मा चित्लाङबाट सुसमाचारको लागि हरिराम गमाल, विकास गमालको टोली आउनुभयो । तत्कालीन समयमा बसेरीको चर्चमा आन्तरिक समस्या चुलिँदै थियो । म चित्लाङतिर नजिकिँदै गएँ । बिजुलीबत्ती नभएको र लामो बाटो भएकाले पठनपाठनमा सहज होस भनेर निगालेमा १ वर्षजति बसोबास गर्दा नजिकै रहेको क्वाइनोनिया मिलन मण्डलीमा संगति जान थाल्यौं । विश्वासीहरू सुसमाचार सुनाउन घर घरमा जाने गर्थे । त्यहाँ मैले खीस्टियनहरू सँग तर्क गर्न 'यो तपाईको आफ्नै कथा हो' भन्ने सुसमाचार पुस्तिका पढ्थें । परिवारमा अभाव, अशान्ति, कलह र असमझदारीले पढाइ अपेक्षा अनुसार हुन सकेन । माध्यमिक तहमा पढ्दै गर्दा बीचमै पढाइ छोडेका टिप्पर ड्राइभरका सहयोगीहरूसँग मेरो संगत बढ्दै गयो । उनीहरू ट्याटु हान्ने, गाँजा, भाङ, धतुरो खाने, वाटर गन, चुरोट सेवन गर्ने, सुर्ती खाने र सुई प्रयोग गर्ने जस्ता कुलतहरूमा थिए । मैले ट्याटु र सुई प्रयोग भने गरिनँ, तर बाँकी सबैको अनुभव लिएँ। विद्यालयबाट फर्किंदा साथीहरूसँग सोफी ( तयारी रक्सि) खाएको थिएँ । कुलतको प्रभावको कारणले बाँसको कपटेरोले ममीको टाउकोमा हिर्काउँदा घाउ बन्यो । निगालेमा विश्वासीकै जग्गा कमाइरहँदा समझदारी अनुसारको व्यवहार नभएकाले पुन बसेरीमै फर्किनुपर्यो ।

विश्वास र बप्तिस्माः अध्ययनको लागि वि.सं.२०७२ देखी २०७३ को मध्यसम्म रातोमाटेमा डेरा गरी बस्यौं । आर्थिक, भौतिक र संवेगात्मक रूपमा संघर्ष गर्नुपर्ने अवस्था आयो । यसै वर्ष ममी डेलिभरी हुन अस्पताल जाँदा गाडी दुर्घटनामा बुवा, ममी र म परेका थियौं । केही पछि ममीले माइलि बहिनी सृजना लिएर माइत जानुभयो । यो संघर्षपूर्ण समयहरूमा म पढाइ छोडेर भाइबहिनीहरूलाई पढ्नमा सहयोग गर्ने, घरपरिवारको जिम्मा सम्हाल्ने र काम गर्ने परिस्थितिमा पुगें । विद्यालय छुट्टीको समयमा पकेट खर्चको लागि करिब ७ - १० दिनजति चित्लाङ हरिराम गमाल, विकास गमाल, र राजु काजी कमालको घरमा तरकारी खेतीको काम गर्न जान्थें । त्यहाँ मलाई विश्वास, पाप, येशू खीष्ट, सुसमाचार, घरेलु संगति, मण्डली, आराधना, मण्डली प्रशासन, भेटी, दशांश, बप्तिस्मा, र परिवर्तित खीस्टियन जीवन जस्ता विषयहरूमा सिकानुहुन्थ्यो । मेरो हृदय धेरै प्रश्नहरूले भरिएको थियो । म प्रत्येक विषयमा जिज्ञासा राख्थें के, किन, कहिले, कसरी लगातार प्रश्नहरू गर्थें । मलाई तर्क र बहस गर्न मन पर्थ्यो । त्यही अवसर प्रयोग गरेर मलाई हरिराम दाईले बाइबल पढ्न प्रोत्साहन गर्नुहुन्थ्यो । प्रत्येक प्रश्नको उत्तर उहाँले बाइबलबाट दिनुहुन्थ्यो । मलाई लाग्थ्यो, उहाँसँग कति धेरै बाइबलको ज्ञान छ । तर सुरूमा मलाई बाइबलमा विश्वास लाग्दैनथ्यो, किनकि म विज्ञान र प्रविधिमा विश्वास गर्थें । डार्विनको सिद्धान्त अनुसार सोच्दा बाइबलसँग मेल खाँदैन भन्ने लाग्थ्यो । देखिएका सबै विकास मानिसले गरेको हो, परमेश्वरले गरिदिएको होइन भन्ने धारणा राख्थें । येशू खीष्टमा विश्वास किन गर्ने? विश्वासको उद्देश्य के हो? यदि येशू खीष्टमा विश्वास गर्नु नै थियो भने, म किन हिन्दु ब्राह्मण परिवारमा जन्मिएँ भन्ने प्रश्न मेरो मनमा उठ्थ्यो । येशू खीस्टले सम्पूर्ण मानव जातिलाई प्रेम गर्नुहुन्छ भने मानिसबीच मतभेद हुनु नपर्ने हो, विभिन्न धर्म, संस्कार र संस्कृतिको विकास हुनु नपर्ने हो भन्ने तर्क मेरो थियो । सुरूमा परमेश्वर हुनुहुन्थ्यो, उहाँले आकाश र पृथ्वी सृष्टि गर्नुभयो भन्ने कुरा मैले बाइबलमा पढें । त्यसपछि अर्को प्रश्न उठ्थ्यो यदि परमेश्वरले सृष्टि गर्नुभयो भने, परमेश्वरलाई कसले सृष्टि गर्यो? परमेश्वर धर्मी पवित्र न्यायिक हुनुहुन्छ भने किन पाप अन्याय भइरहेको, बढिरहेको छ ? यही प्रश्न मेरो मनमा रहिरहन्थ्यो ।

वि.सं.२०७४ को मध्यतिर महादेवबेसी धादिङमा केवल नेटवर्क प्रालीमा काम सुरू गरें । त्यहाँ टेलिभिजन च्यानल र वाइफाइको काम हुन्थ्यो,

बाँकी पृष्ठ ३ मा...

# बकैयाले पनि सुरु गऱ्यो करदाता सेवा



*करदातालाई स्थायी लेखा नम्बर हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाँउपालिकाले पनि सोमबारबाट करदाता सेवा सुरु गरेको छ। सोमबार गाउँपालिकाले सेवाग्राहीहरुलाई स्थायी लेखा नम्बर प्रदान गर्दै करसेवाको सुरुवात गरेको हो ।

सेवा सुरु भएकै दिन ८ जना सेवाग्राहीहरुले व्यक्तिगत स्थायी लेखा नम्बर (प्यान कार्ड) प्राप्त गरेका छन् । यो सँगै बकैया करदाता सेवा सुरु गर्ने जिल्लाको तेस्रो स्थानीय तह बनेको छ । कार्यक्रममा पालिकाका अध्यक्ष धर्मराज लामिछाने, आन्तरिक राजश्व कार्यालय हेटौंडाका प्रमुख करअधिकृत युक्तप्रसाद सुवेदी, पालिकाका प्रशासकीय अधिकृत बिनोद पोखरेल लगायतको उपस्थिति थियो । सोमबारबाट पालिकाबाटै सो सेवा सुचारु गरेपछि सेवाग्राहीले पनि नजिकै सेवा पाउने र पालिकाको राजश्व समेत स्वतः बढ्ने पालिकाका अध्यक्ष धर्मराज लामिछानेले बताउनुभयो ।

गत कात्तिक १७ गते सुशीला कार्की नेतृत्वको मन्त्रिपरिषद्को करसेवा स्थानीय तहबाटै सञ्चालन गर्ने निर्णयअनुसार आन्तरिक राजश्व कार्यालय मकवानपुरले तयारी गरिरहेको थियो । यस्तै, बालेन्द्र शाह नेतृत्वको सरकारले १ सय दिनमा १ सय पालिकाहरुमा करसेवा पहुँच विस्तार गर्ने निर्णयअनुसार कार्यक्रममा तिव्रता दिइएको कार्यालयले जनाएको छ। कार्यालयले पहिलो चरण अनुसार मनहरी, बागमती र बकैया गाँउपालिकाहरुमा करसेवा सुरुवात गरेसँगै अर्को चरणमा राक्सिराङ, कैलाश, इन्द्रसरोवर गाँउपालिका र थाहा नगरपालिकामा सेवा विस्तारका लागि तयारी गरिहेको जनाएको छ। आन्तरिक राजश्व कार्यालयले जेठको पहिलो हप्तासम्ममा यि पालिकाहरुमा सेवा सुरु गरिसक्ने आन्तरिक राजश्व कार्यालय हेटौंडाका प्रमुख करअधिकृत युक्तप्रसाद सुवेदीले जानकारी दिनुभयो ।

करसेवा सुरु भएसँगै पालिकाले व्यक्तिगत स्थायी लेखा नम्बर वितरण, आयकरमा दर्ता गर्ने, व्यावसायिक स्थायी लेखा नम्बर प्रदान तथा व्यवसाय दर्ता खारेजपश्चात व्यावसायिक लेखा नम्बर व्यक्तिगत नम्बरमा रुपान्तरण, संशोधन, अभिलेख राख्नेजस्ता करसम्बन्धी सामान्य सेवाहरु प्रदान गरिने पालिकाले जनाएको छ। यसबाहेक संघीय अर्थ मन्त्रालयबाट सूचना जारी गरी अख्तियारी भई आएमा अन्तःशुल्क दर्ता तथा इजाजतपत्र नवीकरणसम्बन्धी कार्यक्रम गर्न सकिने शर्तसमेत तोकिएको छ ।

स्थानीय पालिकाबाट प्रदान गर्ने स्थायी लेखा नम्बर कार्डमा स्थानीय तहको समेत नाम उल्लेख हुनेछ । यसअघिको प्यान कार्डमा स्थानीय तहको नाम उल्लेख गर्ने गरिएको थिएन । स्थानीय पालिकाबाट करसेवाका सामान्य सेवा प्रदान गरी सहज बनाएकोमा राजश्वसम्बन्धी अनुगमन, उजुरी, करछली अनुसन्धान, करदाता शिक्षा, मूल्य अभिवृद्धि करमा दर्ता हुनुअघिको मूल्याङ्कन लगायतमा आन्तरिक राजश्व कार्यालयकै नेतृत्व रहने कार्य क्षेत्रगत सर्तमा उल्लेख गरिएको छ ।

# मनोहरामा ८१० घरटहरा भत्काइए

भक्तपुर : भक्तपुर र काठमाडौँको सीमा क्षेत्रमा पर्ने मनोहरा खोला आसपासको सुकुमवासी बस्तीका सम्पूर्ण संरचना भत्काइएको छ ।

मध्यपुर थिमि नगरपालिका-१ लोकन्थली जडीबुटीस्थित मनोहरा खोला किनारामा बसोबास गर्दै आएका सुकुमवासी बस्तीका सबै ८१० घरटहरा भत्काइएको भक्तपुरका प्रहरी उपरीक्षक सूर्यबहादुर खड्काले जानकारी दिए ।

सो स्थानका संरचना भत्काउन सोमबार २४ वटा जेसीबी प्रयोग गरिएका थिए । त्यस क्रममा एक सामुदायिक विद्यालयसहित मनोहरा सुकुमवासी बस्तीका सम्पूर्ण संरचना भत्काइएको प्रहरीले जनाएको छ । शनिबार साँझ संरचना हटाउन खोज्दा सो क्षेत्रमा ढुङ्गामुढा भएको थियो ।

# *संघर्ष, सुरक्षा र समर्पण...*

जसका लागि बिजुलीको पोलमा चढेर तारको काम गर्नुपर्थ्यो। काम गर्ने क्रममा ११ सय भोल्टेजको करेन्ट लाग्यो। शरीरमा सेफ्टी बेल्ट बाँधिएको कारण अप्रिय दुर्घटना भएन। करेन्ट लाग्दा हातको छाला डढेर कालो भयो, शरीर थरथर काम्यो, मुटुको गति बढ्न थाल्यो त्यो क्षणमा मैले "हे प्रभु येशू, मलाई करेन्ट लाग्यो" भनेर पुकारेँ । तारहरू हल्लिन थाले, वरिपरिका घरका मानिसहरू बाहिर निस्केर हेरेँ । पेन्चिसको सहायताले हात लाइनको तारबाट छुटाउन सफल भएँ र मेरो ज्यान बच्यो । त्यस समयमा मेरो साथमा बाइबल नभए पनि यूहन्नाले लेखेको सुसमाचारको पुस्तिका थियो। अफिसमा गएर त्यो पुस्तिका पढेँ, घुँडा टेकेर प्रार्थना गरेँ, र येशू खीष्टलाई प्रभु र मुक्तिदाता भनी व्यक्तिगत रूपमा स्वीकार गरेँ। मैले प्रार्थना गर्दै भन्न पुगेँ, "प्रभु येशू, तपाईँले मेरो ज्यान बचाउनुभयो, यसको लागि धन्यवाद! मेरो आत्मालाई पनि बचाउनुहोस ।"

त्यसपछि येशू खीष्टको विषयमा अझ बुझ्ने इच्छा जाग्यो। २०७४ सालमा एसईई सकियो। त्यसपछि म विकास गमालसँग ललितपुरको नहेम्याह इन्स्टिच्युटमा गएँ । त्यहाँ बाइबल अध्ययनको प्रशिक्षण लिएँ। अन्ततः २०७४ वैशाख ९ गते मैले क्वाइनोनिया चित्लाङ खीस्टियन मण्डलीबाट बप्तिस्मा लिए ।

मण्डली सेवा र बाइबल तालिमः येशू खीष्टलाई विश्वास गरेपछि म मण्डलीको सेवा र संगतिमा सक्रिय रहँदै आएको छु। तत्कालीन समयमा चित्लाङ मण्डलीको अगुवा हरिराम गमाल हुनुहुन्थ्यो र मैले उहाँको सहयोगीका रूपमा सेवा पुऱ्याउँदै थिएँ । मैले उच्च माध्यमिक तहको शिक्षा हेटौँडा-८ स्थित चन्द्रदय माविबाट हासिल गरेँ । त्यसै क्रममा, बाइबलको "सर्टिफिकेट अफ थियोलोजी" अध्ययनका लागि हेटौँडा-८, कमानेस्थित 'नेपाल इभाञ्जलीकल बाइबल कलेज' मा पनि पढेँ । अध्ययन पूरा भएपछि केही समय मण्डलीकै सेवाका काममा समर्पित रहेँ । २०७७ को मध्यतिर म प्रहरी जवानको तालिमका लागि सिन्धुली गएको थिएँ, तर त्यहाँ कमाण्डरसँगको विवादका कारण ट्रेनिङ छोडेर फर्किएँ । त्यसपछि म हेटौँडा-४ स्थित 'क्वाइनोनिया सामदान चर्च' मा आबद्ध भएँ । हालसम्म म यस मण्डलीमा जवान संगति, झुण्ड संगति र मण्डलीको भौतिक संरचनाको रेखदेखमा सक्रिय रूपमा सहभागी छु । यसका साथै, म 'हेटौँडा सामदान मण्डली समाज' नामक गैरसरकारी संस्थामा सहसचिवको रूपमा कार्यरत छु । आफ्नो संघर्षका दिनहरूमा स्नातक तहको अध्ययन शुल्क जुटाउन मैले मजदुरको रूपमा समेत काम गरेँ। पछिल्लो समय म रेडियो निकास र समृद्ध समाजमा सञ्चारकर्मीको रूपमा कार्यरत छु भने २०७९ सालदेखि 'क्राउन नेपाल बाइबल कलेज एण्ड सेमिनारी' अनलाइन मार्फत ईश्वरशास्त्र अध्ययन गरिरहेको छु। आगामी दिनहरूको प्रार्थना योजनाः अबको समयमा युवाहरूलाई सुसमाचार सुनाउन उनीहरूलाई उद्यमशीलतातर्फ पनि अग्रसर गराउनु आवश्यक छ । मण्डली आर्थिक रूपमा सबल बन्नका लागि उद्योगी, व्यापारी, शिक्षक, वकिलजस्ता विभिन्न पेशाका व्यक्तिहरूको सहभागिता हुनु महत्वपूर्ण हुन्छ। दर्शन र स्पष्ट भिजन भएका व्यक्तिहरूलाई मण्डलीका विभिन्न सेवाका क्षेत्रहरूमा समावेश गर्नुपर्छ । साथै, अहिलेको वर्तमान अवस्थामा बाइबलीय विश्वासलाई जोगाइराख्नु अझ आवश्यक छ ।

# मालीका रक्षामन्त्री आत्मघाती आक्रमणमा मारिए

काठमाडौं : पश्चिम अफ्रिकी मुलुक मालीका रक्षामन्त्री सादियो केमाराको एक आत्मघाती ट्रक विष्फोटमा मृत्यु भएको छ। राजधानी बमाको नजिकै रहेको निवासमा भएको आत्मघाती ट्रक विष्फोटमा उनको मृत्यु भएको हो ।

रक्षामन्त्री केमाराका परिवारले उनको मृत्यु आत्मघाती ट्रक विष्फोटमा भएको पुष्टि गरेको बीबीसीले जनाएको छ। बीबीसीका अनुसार घटनाको केही घण्टापछि मालीको सरकारी टेलिभिजनले विष्फोटमा गम्भीर घाइते भएका रक्षामन्त्रीको मृत्यु भएको समाचार प्रसारण गरेको छ ।

मालीका राष्ट्रपति असीमी गोइताको निवासलाई पनि लक्षित गरेर आक्रमण भएको बताइएको छ । उनलाई सुरक्षित स्थानमा लगिएको छ। माली यतिबेला हिंसा र अस्थिरताबाट गुज्रिरहेको छ । राजधानी बमाको र अन्य कयौं सहरहरूमा चरमपन्थी समूहहरुले शनिबार बिहानैदेखि आक्रमण गर्दै आएका छन् । सैन्य शासन रहेको मालीमा सैनिक ब्यारेक, रक्षामन्त्रीको घर र अन्य क्षेत्रमा आक्रमण भएको भएको थियो ।

चरमपन्थी संगठन आजावाद लिबरेसन फ्रन्टले रूसी भाडाका सिपाही पछि हटेपछि सहर अब आफ्नो कब्जामा रहेको दाबी गरेको छ । पश्चिम अफ्रिकाको साहेल क्षेत्रमा सक्रिय एउटा प्रमुख विद्रोही तथा चरमपन्थी समूह 'जमाअत नुसरत अल-इस्लाम वाल-मुस्लिमीन'ले एक विज्ञप्ति जारी गर्दै यस आक्रमणमा आफ्नो संलग्नता रहेको जनाएको थियो। उसले मालीको उत्तरी क्षेत्रमा सक्रिय अर्को विद्रोही समूहसँग समन्वय गरेर आक्रमण गरेको पुष्टि गरेको थियो ।

उनीहरूले देशका नेता जनरल गोइटा र रक्षामन्त्री कमाराको घर लगायतका सैन्य अखडाहरूलाई निशाना बनाएको बताएका थिए ।

*स्रोत : अनलाइनखबर ।*



Contact : 9807171993/9741681458 TCN Road-10
नोट : हामी कहाँ सबै किसिमका बाइक तथा स्कुटर एक्सचेन्ज गरिन्छ ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
—थाईराईड
—क्यान्सर
—रक्तअल्पता
—वाथरोग
—बााझोपन
—भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जााच निशूल्क र चौथो शनिबार थाइराइड जााचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउादछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

भएका आत्मघाती ट्रक विष्फोटमा उनको मृत्यु भएको हो ।

रक्षामन्त्री केमाराका परिवारले उनको मृत्यु आत्मघाती ट्रक विष्फोटमा भएको पुष्टि गरेको बीबीसीले जनाएको छ। बीबीसीका अनुसार घटनाको केही घण्टापछि गोइताका निवासलाई पनि लक्षित गरेर आक्रमण भएको बताइएको छ । उनलाई सुरक्षित स्थानमा लगिएको छ। माली यतिबेला हिंसा र अस्थिरताबाट गुज्रिरहेको छ । राजधानी बमाको र अन्य कयौं सहरहरूमा चरमपन्थी समूहहरुले

चरमपन्थी संगठन आजावाद लिबरेसन फ्रन्टले रूसी भाडाका सिपाही पछि हटेपछि सहर अब आफ्नो कब्जामा रहेको दाबी गरेको छ । पश्चिम अफ्रिकाको साहेल क्षेत्रमा सक्रिय एउटा प्रमुख विद्रोही तथा चरमपन्थी समूह 'जमाअत समूहसँग समन्वय गरेर आक्रमण गरेको पुष्टि गरेको थियो ।

उनीहरूले देशका नेता जनरल गोइटा र रक्षामन्त्री कमाराको घर लगायतका सैन्य अखडाहरूलाई निशाना बनाएको बताएका थिए ।

*स्रोत : अनलाइनखबर ।*




Yade Hetauda

Contact : 9807171993/9741681458 TCN Road-10

नोट : हामी कहाँ सबै किसिमका बाइक तथा स्कुटर एक्सचेन्ज गरिन्छ ।

निशूल्क र चौथो शनिबार थाइराइड जााचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउादछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७


# कमाने एकेडेमी बालचौतारी



## उपमेयर कप भलिबल

# फाइनल खेल्ने टोलीको टुङ्गो लाग्यो



*उपाधि भिडन्त पक्का गरेको हेटौँडा-५ (बायाँ) र हेटौँडा-१२ (दायाँ) को महिला भलिबल टिम ।*

समाज संवाददाता

हेटौँडा : हेटौँडामा जारी उपमेयर कप भलिबल प्रतियोगिताको फाइनल खेल्ने टोलीको टुङ्गो लागेको छ। सोमबार सेमिफाइनलका खेलहरु सम्पन्न भएको हो ।

सेमिफाइनलका खेलहरु सकेसँगै प्रतियोगितामा महिला र पुरुष दुवैतर्फ फाइनल खेल्ने टोलीहरुको टुङ्गो लागेको हो । जारी प्रतियोगितामा महिलातर्फ उपाधिका लागि हेटौँडा-५ र हेटौँडा-१२ भिडन्त हुनेछ ।

सोमबार हेटौँडा-४, हुप्रचौर स्थित भलिबल कोर्टमा भएको महिलोतर्फको पहिलो सेमीफाइनल खेलमा हेटौँडा-५ ले हेटौँडा-९ लाई २५-२२, २५-१८ र २५-१२ को सोझो सेटमा पराजित गर्दै फाइनल प्रवेश गरेको हो। सोमबार नै सम्पन्न दोस्रो सेमीफाइनल खेलबाट हेटौँडा-१२ ले फाइनल प्रवेश गरेको। हेटौँडा-१२ ले हेटौँडा-१७ लाई २५-१५, २५-१७ र २५-१० को सोझो सेटमा पराजित गऱ्यो ।

यसैगरी प्रतियोगितामा पुरुषतर्फ हेटौँडा-११र हेटौँडा-१९ बीच उपाधिका लागि भिडन्त हुनेछ । सोमबार पुरुषतर्फ भएको पहिलो सेमिफाइनल खेलमा हेटौँडा-१९ ले हेटौँडा-१८ लाई ३-० को सोझो सेटमा पराजित गर्दै फाइनलमा प्रवेश गरेको हो । हेटौँडा-१९ ले हेटौँडा-१८ लाई २५-१५, २५-१८ र २५-१८ को सेटमा पराजित गऱ्यो । यसैगरी हेटौँडा-११ ले हेटौँडा-१२ लाई ३-१ ले पराजित गर्दै फाइनलमा प्रवेश गरेको हो । हेटौँडा-११ ले पहिलो सेट २५-२३ ले जित्दा हेटौँडा-१२ ले दोस्रो सेट २५-२१ ले जितेको थियो । त्यसपछि तेस्रो सेट २५-१७ र चौथो सेट २५-२३ ले जित्दै हेटौँडा-११ फाइनलमा प्रवेश गऱ्यो ।

प्रतियोगिताको विजेताले ५० हजार रुपैयाँ नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले ३० हजार रुपैयाँ, सान्त्वना हुने टिमले १०/१० हजार रुपैयाँ प्राप्त गर्नेछ । हेटौँडा उपमहानगर खेलकुद विकास समितिको प्रायोजन तथा केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय खेलकुद प्रतिष्ठानको आयोजनामा शनिबार बाट प्रतियोगिता सुरु भएको हो । महिलातर्फ ७ वटा वडाको टिम सहभागी हुँदा पुरुषतर्फ १० वटा वडाको टिम सहभागी थिए । प्रतियोगिताको फाइनल खेल मंगलबार दिउँसो हुनेछ ।

## बृद्धाश्रमलाई नगद ४० हजार सहित खाद्यान्न सहयोग



किलो, तेल १ लिटर र नुन २ पाकेट, हेटौँडा-३, का नरबहादुर र गीता कुमारी पाखिन दम्पत्तिले ४ गते कुशे औंशीको अवसरका भोजन

### सुकुमवासी बस्तीका विद्यार्थी

## पायक पर्ने विद्यालयमा स्थानान्तरण गर्न निर्देशन

काठमाडौं : सरकारले सुकुमवासी बस्तीका विद्यार्थीलाई पायक पर्ने विद्यालयमा स्थानान्तरण गर्न निर्देशन दिएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सस्मित पोखरेलले बस्ती स्थान्तरण हुँदा मर्कामा परेका विद्यार्थीहरूको सुरक्षा र सहजीकरणबारे ६ बुँदे सर्कुलर जारी गरेका छन्। त्यसैअनुसार शिक्षा तथा मानव स्रोत विकास केन्द्रले अव्यवस्थित बस्ती स्थानान्तरण हुँदा विद्यार्थीको परीक्षा व्यवस्थापन, प्रभावित बस्तीमै रहेका विद्यालय समायोजन तथा समन्वयलाई प्रभावकारी बनाउन निर्देशन दिइएको छ ।

केन्द्रले सुकुमवासी बस्ती हटाउँदा प्रभावित विद्यार्थीहरूलाई पायक पर्ने विद्यालयमा स्थानान्तरण गर्न सहजीकरण सबै स्थानीय तहलाई अनुरोध गरेको छ। सोमबारदेखि सुरु भएको कक्षा १२ को परीक्षामा सहभागी हुने परीक्षार्थीहरूलाई परीक्षा केन्द्रसम्म जान आवश्यक सहजीकरण गर्न र विद्यालय नै प्रभावित भएको ठाउँमा वैकल्पिक व्यवस्था गर्न गराउन अनुरोध गरेको छ।

सुकुमवासी बस्तीका विद्यार्थी तथा विद्यालयसँग सम्बन्धित अन्य कुनै गुनासो, समस्या या सुझाव भए पनि केन्द्रमा पठाउन स्थानीय तहहरूलाई मन्त्रालयले अनुरोध गरेको छ। *स्रोत : अनलाइनखबर ।*

## भीमफेदीमा दुर्घटना दुई जना घाइते

समाज संवाददाता

हेटौँडा : हेटौँडा-भैँसे सडकखण्ड अन्तर्गत भीमफेदी गाउँपालिका-१, सुन्दरीमाईमा तीन वटा सवारी साधन एकआपसमा ठोक्किँदा दुई जना घाइते भएका छन्। आइतबार दिउँसो ३ बजेको समयमा हेटौँडाबाट भैँसेतर्फ जाँदै गरेको बीएसी ८६४० नम्बरको कार र विपरित दिशाबाट आउँदै गरेको ना १९ प ५८७३ नम्बर को मोटरसाइकल एकआपसमा ठोक्किएका थिए । सोही क्रममा मोटरसाइकलको पछाडि आइरहेको ना १ ज २९५४ नम्बरको सुमोले मोटरसाइकललाई ठक्कर दिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ ।

दुर्घटनामा मोटरसाइकल चालक मोरङ जिल्लाको विराटनगर महानगरपालिका-४ का ३० वर्षीय गंगाप्रसाद सुवेदी र पछाडि सवार मकवानपुरको भीमफेदी-८ का २९ वर्षीय मनोज कठायत घाइते भएका थिए । घाइते दुवैको अवस्था मध्यम रहेको र उपचारका लागि हेटौडा अस्पताल ल्याइएको प्रहरीले जानकारी दिएको छ । घटनामा संलग्न कार चालक धनकुटा नगरपालिका-७ का ३२ वर्षीय जगत डंगोल तथा सुमो चालक हेटौँडा-१ का २४ वर्षीय ईश्वर कार्कीलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## सूचना । सूचना ।। सूचना ।।।

जिल्ला छनौटका लागि खेलाडी दर्ता फारम भर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेशको पत्र संख्या ०८२/०८३ चलानी नं. ५५१ मिति २०८२/१२/०८ गते पत्रानुसार मिति २०८३ जेष्ठ २४ गतेदेखि ३० गतेसम्म संचालन हुने

# कक्षा १२ को वार्षिक परीक्षा सुरु



*हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पस परीक्षा केन्द्रमा परीक्षा दिँदै विद्यार्थी ।*

समाज संवाददाता

हेटौँडा : कक्षा १२ को वार्षिक परीक्षा सोमबारबाट सुरु भएको छ। पहिलो दिन सोमबार अनिवार्य अंग्रेजी विषयको परीक्षा भएको छ। परीक्षा बिहान ८ बजेदेखि सुरु भएको छ।

मकवानपुर जिल्लामा १५ वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ। मकवानपुरबाट कक्षा-१२ को परीक्षामा सहभागी हुन ५ हजार २६९ जना विद्यार्थीले फारम भरेका छन्। नियमिततर्फ ३ हजार ८२२ र आंशिकतर्फ १ हजार ४४७ जनाले परीक्षा फारम भरेका छन्। राष्ट्रिय परीक्षा बोर्डको हेटौँडा शाखा कार्यालयका अनुसार मकवानपुर सहित चितवन, बारा, पर्सा र रौतहट जिल्लामा १२४ परीक्षा केन्द्र निर्धारण गरेको राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ।

साविक नारायणी अञ्चलका यी ५ जिल्लाबाट परीक्षामा सहभागी हुन ४० हजार ८०४ विद्यार्थीले परीक्षा फारम भरेका छन्। जसमा नियमिततर्फ ३१ हजार ७८४ र आंशिकतर्फ ९ हजार २० विद्यार्थी रहेका छन्। गएको वर्षको तुलनामा यस वर्ष विद्यार्थी संख्या घटेको राष्ट्रिय परीक्षा बोर्डको हेटौँडास्थित कार्यालयका प्रमुख बद्रीबहादुर पाठकले जानकारी दिनुभयो।

१२ कक्षाको परीक्षामा देशभरका ५ हजार ३३९ विद्यालयबाट नियमिततर्फ ३ लाख ३२ हजार १७८ (छात्र १ लाख ७२ हजार १२ र छात्रा १ लाख ६० हजार १३७ र अन्य २९) तथा आंशिकतर्फ ८५ हजार ८३० गरी ४ लाख १८ हजार ८ जना विद्यार्थीले परीक्षा फारम भरेका छन्। सबैभन्दा कम मनाङ जिल्लाबाट ३१ जना र सबैभन्दा बढी काठमाडौं जिल्लाबाट ६४ हजार ३३८ विद्यार्थीले परीक्षा फारम भरेका छन्। नेपालभर जम्मा १ हजार ४२० र जापानमा १ समेत गरी कूल १ हजार ४२१ परीक्षा केन्द्रहरू निर्धारण गरिएको छ । सबैभन्दा बढी काठमाडौं जिल्लामा १६१ वटा र सबैभन्दा कम मनाङ/मुस्ताङ जिल्लामा १/१ वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ।

## बसको ठक्करबाट रिक्साचालकको मृत्यु

समाज संवाददाता

हेटौँडा : पूर्व-पश्चिम राजमार्ग अन्तर्गत चितवन जिल्लको रत्ननगर नगरपालिका-३, शान्ति चोकमा बसले रिक्सालाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ।

सोमबार बिहान ४ बजेर ३० मिनेटको समयमा झापाबाट काठमाडौँतर्फ जाँदै गरेको प्रदेश नं. १-१०-००१ ख ३९०१ नम्बरको यात्रुबाहक बसले सोही दिशातर्फ जाँदै गरेको तरकारी बोकेको रिक्सालाई ठक्कर दिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

दुर्घटनामा रिक्सा चालक पर्सा जिल्लाको जिराभवानी गाउँपालिका-२ स्थायी घर भई हाल चितवनको खैरहनी नगरपालिका-१ बस्ने ४३ वर्षीय किसुन महतोको मृत्यु भएको हो । उपचारको क्रममा बिहान ५ बजेर ५ मिनेटको समयमा चिकित्सकले उनलाई मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

श्री मालपोत कार्यालय मकवानपुरबाट मितिः २०८३/०१/१० मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**निवेदक : सिताराम बसेल र तुल बहादुर बसेल(नातीहरू)**
**जग्गावाला-सानी कान्छी वसेलनी (हजुरआमा)**

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ६ को तपशिल बमोजिमका जग्गाको साविक भोग लगत बड्कुले मौजाको रैती नं. २० को जग्गाधनी हाम्रो हजुरबुवा साने बसेल सार्कीको नाममा कायम रहेको र हाल सर्वे नाप नक्सा सानी कान्छी वसेलनीको नाममा फिल्डबुक कायम भई दर्ता गर्न छुट भएकोमा निज हाम्री हजुरआमा सानी कान्छी वसेलनी भन्ने सानु कान्छी वसेलको मिति २०३६/१२/०९ मा मृत्यु भईसकेको र निजको हकखाने एक मात्र पति साने वसेलको पनि मिति २०३५/१०/०५ मा मृत्यु भईसकेकोमा निजहरुबाट तिन छोरीहरु र एक छोराको जायजन्म भएकोमा छोरीहरुको विवाहदान भई पर घर गइसकेकोले हक खाने एक मात्र छोरा राज कुमार बसेल भएकोमा निजको पनि मिति २०६३/०९/०६ मा र निजकी एक मात्र पत्नी पोडेनी बसेलको पनि मिति २०५०/११/०५ मा मृत्यु भएकोमा निजहरुको हकखाने दुई छोराहरु जेठो तुल बहादुर बसेल र कान्छो सिताराम बसेल मात्र भएकोले उल्लेखित जग्गा जग्गावाला हजुर आमासानी

बागमती प्रदेश प्रहरी कार्यालय लिएको छ।

# सहित खाद्यान्न सहयोग



*वृद्धाश्रमलाई खाद्यान्न सामग्री हस्तान्तरण गरिँदै ।*

**समाज संवाददाता**

हेटौँडा : नयाँ वर्षको सुरुवातसँगै हेटौंडा-२, चौकिटोलमा रहेको ओम बृद्धाश्रमलाई सहयोग प्राप्त हुन थालेको छ। बैशाख महिना सुरु भएदेखि आइतबारसम्म ४० हजार ५ सय २० रुपैयाँ नगद र खाद्यान्न सहयोग प्राप्त भएको छ।

आश्रमलाई नयाँ वर्षको अवसरमा नुवाकोट जिल्लाकी प्रतिमा दाहाल तिमल्सिनाले आफ्नो जन्मदिनको अवसरमा आमाबुवाहरु माझ केक काटेर जन्मदिन मनाउनुका साथै बिहानी भोजनका लागि नगद ७ हजार ५ सय, हेटौंडा-१७ बारुतेका नर बहादुर बस्नेतले आफ्नो जन्मदिन एवम् नयाँ वर्षको अवसरमा चामल १ बोरा, दाल ३ किलो, तेल १ लिटर र नुन २ पाकेट, हेटौंडा-३, का नरबहादुर र गीता कुमारी पाखिन दम्पत्तिले ४ गते कुशे औंशीको अवसरका भोजन व्यवस्थापनको निमित्त नगद ७ हजार ५ सय, बैशाख ५ गते हेटौंडा-९ त्रिवेणी नगरका रामकुमार श्रेष्ठ र सुरेखा प्रधानले बेलुकाको भोजन व्यवस्थापन समेतको निमित्त नगद १० हजार ५ सय, बैशाख ९ गते हेटौंडा-११ थानाभञ्याङ्ग घर भई हाल कतार बस्ने खुशी श्रेष्ठले आफ्नो जन्मदिनको अवसरका बिहान खाना व्यवस्थापनको निमित्त नगद ७ हजार ५२० रुपैयाँ सहयोग गर्नुभएको छ।

शनिबार हेटौंडा-३ बसामाडीका ठाकुरराम अर्यालले आफ्नो पिता टंक बहादुर अर्यालको २०८२ चैत्र ६ गते तथा दाजु भरत बहादुर अर्यालको २०८२ चैत्र २८ गते स्वर्गारोहण भएकोमा उहाँहरुको पूण्यतिथिमा चामल ४ बोरा, दाल १ किलो ५ सय ग्राम, तेल २ लिटर, चिनी ९० किलो, मिश्री १० किलो, पिठो ८५ किलो, मस्यौरा ५ किलो र नुन ६ किलो वितरण गर्नुभएको छ। हेटौंडा-४, गर्दोईका अर्जुनप्रसाद पोखेलले हाल जापान बस्ने छोरा आभाष पोखेलको जन्मदिनको अवसरमा बिहान एक छाक भोजन व्यवस्थापनको निमित्त नगद ७ हजार ५ सय रुपैयाँ सहयोग गर्नु भएको छ। आश्रममा २४ जना आमाबुबा आश्रित हुनुहुन्छ।

## डँढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नैपर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रो गरी निभाऔं,
- हाम्रो सानो असावधानीले जंगलमात्र होइन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डँढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**वन तथा वातावरण मन्त्रालय**
**बागमती प्रदेश, नेपाल**
**हेटौंडा, मकवानपुर**

## सूचना । सूचना ।। सूचना ।।।

जिल्ला छनौटका लागि खेलाडी दर्ता फारम भर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेशको पत्र संख्या ०८२/०८३ चलानी नं. ५५१ मिति २०८२/१२/०८ गते पत्रानुसार मिति २०८३ जेष्ठ २४ गतेदेखि ३० गतेसम्म संचालन हुने तेस्रो बागमती प्रदेश खेलकुद प्रतियोगितामा सहभागी हुने तपसिलका १४ खेल महिला/पुरुष खेलाडीहरु मकवानपुर जिल्लास्तरीय खेलाडी छनौटका लागि मिति २०८३ साल जेष्ठ २ गतेभित्र खेलाडी दर्ता फारम भर्न सम्बन्धित सबैमा जानकारीका लागि सुचित गरिन्छ ।

**तपशिल :**
**जिल्लामा छनोट हुने खेलहरु**

| क.सं. | खेल |
|---|---|
| १. | आईटी एफ तेक्वान्डो |
| २. | एथ्लेटिक्स |
| ३. | उसु |
| ४. | भलिबल |
| ५. | टेबल टेनिस |
| ६. | व्याटमिन्टन |
| ७. | फुलकन्ट्याक्ट कराँते |
| ८. | बक्सिङ |
| ९. | तेक्वान्दो |
| १०. | कराँते |
| ११. | बुद्धिचाल |
| १२. | फुटबल |
| १३. | क्रिकेट |
| १४. | जुडो |

सम्पर्क : ०५७–५२४६८५, ९८४५०३६०९१, ९८५५०८९७८९

मकवानपुर जिल्ला खेलकुद विकास समिति
हेटौंडा, मकवानपुर

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ६ को तपशिल बमोजिमका जग्गाको साविक भोग लगत बड्कुले मौजाको रैती नं. २० को जग्गाधनी हाम्रो हजुरबुवा साने बसेल सार्कीको नाममा कायम रहेको र हाल सर्वे नाप नक्सा सानी कान्छी वसेलनीको नाममा फिल्डबुक कायम भई दर्ता गर्न छुट भएकोमा निज हाम्री हजुरआमा सानी कान्छी वसेलनी भन्ने सानु कान्छी वसेलको मिति २०३६/१२/०९ मा मृत्यु भईसकेको र निजको हकखाने एक मात्र पति साने वसेलको पनि मिति २०३५/१०/०५ मा मृत्यु भईसकेकोमा निजहरुबाट तिन छोरीहरु र एक छोराको जायजन्म भएकोमा छोरीहरुको विवाहदान भई पर घर गइसकेकोले हक खाने एक मात्र छोरा राज कुमार बसेल भएकोमा निजको पनि मिति २०६३/०९/०६ मा र निजकी एक मात्र पत्नी पोडेनी बसेलको पनि मिति २०५०/११/०५ मा मृत्यु भएकोमा निजहरुको हकखाने दुई छोराहरु जेठो तुल बहादुर बसेल र कान्छो सिताराम बसेल मात्र भएकोले उल्लेखित जग्गा जग्गावाला हजुर आमासानी कान्छी वसेलनी तथा निजका पति तथा नजिकका हकदार छोरा-बुहारीको मृत्यु अगाडि निजहरुले नै र निजहरुको मृत्यु पश्चात हामी हकदार तथा निवेदक नातीहरुले नै साविकदेखि हालसम्म हकभोग तथा भोगचलन गर्दै आएकोले उल्लेखित जग्गा हामी निवेदकहरु तुल बहादुर बसेल र सिताराम बसेलको नाममा संयुक्त छुट जग्गा दर्ता नामसारी गरी पाउँ हेटौडा उपमहानगरपालिका १८ नम्बर वडा कार्यालयको च.नं. १६७२ मिति २०८२/०८/२९ को हकभोग तथा हकदार समेत खुलेको सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का, नाता प्रमाणित प्रमाणपत्र, मृत्यु प्रमाणित सिफारिस तथा मृत्यु दर्ता प्रमाणपत्रहरु, नागरिकता प्रमाणपत्रहरु,च.नं. ३४५२ मिति २०८२/१२/२० को जग्गावालाको नाम सानी कान्छी वसेलनी र मृत्यु दर्तामा भएको नाम सानु कान्छी बसेल फरक-फरक नाम भएको व्यक्ति फरक नभई एकै व्यक्ति जग्गावाला सानी कान्छी वसेलनी नै भएको किटानी सिफारिस पत्र, साविक लगत, फिल्डबुक उतार तथा नक्सा समेत संलग्न राखी द.नं.२२३ मिति २०८२/०९/०७ मा मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अत: उल्लेखित तपसिलका जग्गा निवेदकहरुको माग दावी बमोजिम निवेदकहरुको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरिदिंदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकहरुको नाममा दर्ता, गर्न नमिल्ने भएमा वा निवेदकहरुको माग दावी सत्य नभई झुठा भए वा निवेदकहरु बाहेक अन्य कोही हकदारहरु भए वा निवेदकहरु बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जङ्गल, नदि खहरे, भू- संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकाशित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला। अन्यथा निवेदकहरुको माग बमोजिम भई जानेछ। पछि कुनै उजुरवाजुर लाग्ने छैन।

**तपसील**

| सि.नं. | फिल्डवुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| १. | जग्गावाला | साविक गाविस/नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/ निवेदक | |
| | सानीकान्छी बसेलनी पं....... पति..... ससुरा.... | हटिया | ८ | ४१३ | ०-८-१३.५ | तुलबहादुर बसेल र सिताराम बसेल | जि.म. हटिया मौजा बड्कुले २० नं. रैति साने वसेल सार्की |

ईति संवत २०८३ साल बैशाख महिनाको १० गते रोज शुभम् ।




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email: sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ